ओमसतिया गाउँपालिकाको आ.व २०८०/८१ को नीति तथा कार्यक्रम

आदरणीय उपाध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,
एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु ।

ओमसतिया गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। सर्वप्रथम त म मुलुकको राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक रुपान्तरण तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। विभिन्न लोकतान्त्रिक आन्दोलनका घाइते, योद्धा एवम् वेपत्ता नागरिक र तिनका परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

लोकतन्त्र आफैमा जनमुखी शासन विधि तथा प्रक्रिया हो । जनचाहना अनुरुप नागरिकको घर दैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहने स्थानीय सरकारको गठन भए संगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद सहितको दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि स्थानीयवासीको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन हामीलाई थप आधार प्राप्त भएको छ। स्थानीय तहमा हुन सक्ने जुनसुकै विपद्जन्य परिस्थिति र प्रतिकुलताहरुलाई हामी सवैको संयुक्त प्रयासबाट रणनैतिक रुपमा सामना गर्दै जोखिम न्यूनीकरणमा साथ र सहयोगको अपेक्षा राख्दछु।

आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको लक्ष्य **"ओमसतियाको शान: शिक्षा स्वास्थ्य सुधार हाम्रो अभियान"** रहेको जानकारी गराउँदै सीमित स्रोत साधनको परिधिमा रहि ओमसतियाको विकास निर्माणको गतिलाई तिव्रता दिनको लागि संघीय सरकार र प्रदेश सरकारको साथै विकास साझेदारहरुसंग समन्वय भइरहेको छ। स्थानीयबासीका अपेक्षाहरुलाई सम्बोधन गर्नका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरु तयार गरी प्राथमिकताका साथ पूरा गर्दै जाने दिशामा स्थानीय सरकार प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहना, दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक क्षेत्र, निजी क्षेत्र र समुदायको सहकार्यमा जोड दिइनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्न पालिका भित्र रहेका सिमित श्रोत र साधनको अधिकतम उपयोग मार्फत गाउँबासीको जीवनस्तरमा सुधार ल्याउन अव्यवस्थित बसोवासको वैज्ञानिक व्यवस्थापन गर्नुका साथै स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान बनाउन योजनावद्ध शहरीकरण तथा बस्ती विकासलाई यस नीति तथा कार्यक्रमले प्राथमिकतामा राखेको छ।

सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति दिलाउन गाउँपालिकाको व्यवस्थापन र सम्पूर्ण क्षेत्रगत जनशक्तिको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि सेवा प्रवाहमा बिद्युतीय सुशासन प्रणालीलाई ब्यापक र प्रभावकारी रुपमा प्रयोग गरिनेछ । गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक गरी छिटो छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितव्ययी बनाइनेछ। यसबाट सेवा प्रवाहलाई प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम राख्न प्रयत्न गरिनेछ।

गाउँपालिकाले समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ।जनताको मौलिक अधिकार सुनिश्चित गर्नका लागि सहभागितामूलक प्रतिनिधित्वको माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान अवसरहरू:-**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्।

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तथा योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति तथा कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट रुपमा एकिन हुनु।

४। गाउँपालिका भित्र साँस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु।

६। कृषि योग्य भूमिको क्षेत्रफल धेरै हुनु।

७। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु ।

८। घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

९। अन्तराष्ट्रिय पर्यटकीय स्थलको रुपमा स्थापित लुम्बिनी र गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल भैरहवाको सामिप्यमा ओमसतिया गाउँपालिका रहनु ।

**विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१। रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२। अभिभावकहरुमा शैक्षिक सचेतना अभिवृद्धि गर्नु ।

३। विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह चुस्त बनाउनु ।

४। स्वास्थ्य मापदण्ड अनुरुप भौतिक संरचना व्यवस्थापन गर्नु ।

५। गुणस्तरीय वीउबिजन, मलखाद समयमा नै उपलब्ध गराउनु ।

६। युवा जनशक्ति तथा कृषि पेशा भित्र रहेका अर्ध-बेरोजगारलाई कृषि व्यवसाय प्रति आकर्षित गरि आर्थिक रुपमा सबल बनाउनु ।

७। कृषिलाई सम्मानित पेशाको रुपमा स्थापित गराउनु ।

८। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

९। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

१०। सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ्ग विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

११। बाढी तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१२। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्न तथा व्यवस्थित बस्ती विकास गर्नु।

१३। बैज्ञानिक, जलवायु उत्थानशील तथा व्यवहारिक एवम् उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्नु।

१४. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड विपरित भएको अत्यधिक दोहन रोक्नु ।

१५. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गरी मूल्यांकन गर्नु तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिरहदा समृद्ध, समतामुलक, स्वच्छ हराभरा र विकसित गाउँपालिकाको भावि तस्विरलाई सामुन्यमा राखेको छु।नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, नेपाल सरकार तथा लुम्बिनि प्रदेश सरकारले तर्जुमा गरेका वजेट तथा कार्यक्रम, आवधिक विकास योजनाहरु, आर्थिक सामाजिक लगायत विकासका नीतिहरु, ओमसतिया गाउँपालिकावासी, प्रतिनिधि सभा, राष्ट्रिय सभा र प्रदेश सभाका सदस्यज्यूहरु, वुद्धिजिवी तथा नागरिक समाज र विद्धान वर्गहरुबाट प्राप्त सुझावहरु तथा अन्य प्रचलित ऐन कानुनहरुको परिधिभित्र रही यस ओमसतिया गाउँपालिकाको आ.व २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू :-**

आदरणीय उपाध्यक्ष एवम् सभा सदस्य ज्युहरु

अब म आ.व. २०८०/८१ को ओमसतिया गाउँपालिकाले लिएको विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा युवा तथा खेलकुद तर्फ**

१. ओमसतिया गाउँपालिकाले आगामी आ.व. लाई शैक्षिक सुधार अभियान वर्ष घोषणा गरी सिपमूलक जीवनोपयोगी शिक्षामा नविनतम प्रविधिको प्रयोग गर्दै शैक्षिक जनशक्तिको सम्मान गरी शिक्षण सिकाई प्रक्रियामा सुधार ल्याईनेछ ।

२. प्रविधिमैत्री शिक्षा विकासको लागि प्रयोगात्मक शिक्षामा विशेष जोड दिइनेछ।

३. विद्यालय बाहिर रहेका र बिचमै विद्यालय छोड्ने बालबालिकाहरुको तथ्याङ्क एकिन गरी प्रोत्साहनयुक्त शैक्षिक प्याकेज सञ्चालन गर्दै दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ।

४. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाई र आधारभुत स्वच्छ खानेपानीको सुविधा विस्तार गर्दै वालमैत्री शिक्षण सिकाईमा विशेष जोड दिईनेछ।

५. शिक्षकहरुको पेशागत क्षमता विकासको लागि उपयुक्त कार्यक्रम सञ्चालन गरी सिकाई उपलब्धीका आधारमा जिम्मेवार र जवाफदेही हुन प्रोत्साहित गरिनेछ।

६. संस्थागत विद्यालयहरुको वर्गीकरण गरी शुल्क निर्धारण गरिनेछ।

७. विषयगत दक्ष शिक्षकहरुलाई अनुगमन प्रणालीमा समावेश गरिनेछ ।

८. शिक्षक विद्यार्थी अनुपातको आधारमा विषयगत दरबन्दी सिर्जना गरी शिक्षक व्यवस्थापन गर्दै प्रारम्भिक कक्षा पढाई सीप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको व्यवस्थापन गरी विद्यालय फुलवारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. परम्परागत विद्यालयहरुलाई आवश्यकता अनुसार स्तरोन्नती गर्दै लगिनेछ।

११. बालबालिकाहरुको सिकाई उपलब्धी उच्च गर्न शैक्षिक जशक्तिको मनोवल बढाउदै भौतिक एवम शैक्षिक सामग्री व्यबस्थापन गरी अभिभावक शिक्षा कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

१२. खेलको शान गाउँपालिकाको पहिचान भन्ने भनाईको सार्थकताको लागी परम्परागत खेलहरुको संरक्षण र संवर्द्धनमा सरोकारवालाहरुसंग सहकार्य गर्दै खेल संस्कृतिको विकासमा खेलाडीहरुको मनोवल उच्च राख्न कर्मडाँडा खेल मैदान र रामजानकी रंगशालाको स्तरोन्नति गर्दै सप्ताह-व्यापी खेल महोत्सव सञ्चालन गरिनेछ।

१३. दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रम मार्फत पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ।

१४. युवा बेरोजगारी न्यूनीकरण गर्न इलेक्ट्रोनिक्स, प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिपार्लर, होटल म्यानेजमेन्ट, व्यवसायिक पशुपालन तथा तरकारी खेती सम्बन्धी तालिमहरु संचालन गर्दै वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको सीप र दक्षतालाई उपयोग गरी **"विदेश छोडौ बिजनेस गरौं"** भन्ने नाराका साथ स्वरोजगार उन्मुख बनाई आय-आर्जनका दायराहरु फराकिलो बनाईनेछ ।

१५. उच्च शिक्षा तर्फ विज्ञान तथा प्राविधिक शिक्षा हासिल गर्न चाहने गाउँपालिकाबासी गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाईनेछ ।

१६. गाउँपालिकाभित्र सञ्चालित माध्यमिक विद्यालयहरुमा क्रमश: प्राविधिक धारका कक्षा सञ्चालन गरी नमुना विद्यालय सञ्चालन गरिनेछ ।

**ख. संस्कृति तर्फ :-**

१. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गरिनेछ ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण तर्फ**

१. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुका साथै लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति विपन्न, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अवलम्बन गरेका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ।

४. ज्येष्ठ नागरिक, अपाङ्ग तथा जन्मदर्ता प्रमाण-पत्र वितरण कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरी एकीकृत घुम्ती सिविर सञ्चालन गरिनेछ।

५. महिला उद्यमशीलता विकासका लागि महिलाद्वारा सञ्चालित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

६. गाउँपालिका तथा वडास्तरीय बाल क्लब सञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

७. पालिका स्तरिय बाल उद्यान निर्माण गरिनेछ।

८. बालविवाह, बालहिंसा तथा लिंग पहिचान गरि भ्रूण हत्या गर्ने विकृतिलाई न्यूनीकरण गर्न बालिका विमा कोषको स्थापना गरी कार्यविधि बनाई लागु गरिनेछ।

**घ. स्वास्थ्य तर्फ :-**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, सहरी स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र तथा बर्थिङ्ग सेन्टर स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।

२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता दीर्घकालीन रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइनेछ।

३. सामुदायिक विद्यालयमा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

४. नेपाल रेडक्रस सोसाइटीसंग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

५. आर्थिक रुपमा विपन्न गाउँपालिकावासीहरुको स्वास्थ्य जाँच र उपचारका लागि अस्पताल ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

६. महिला स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरी सेवालाई प्रभावकारी बनाइनेछ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था, निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसंग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

८. स्वास्थ्य क्लिनिकहरुले प्रदान गर्ने आधारभूत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

९. सीमान्तकृत, गरिब तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१०. गर्भवती तथा सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिदै आगामी चार वर्ष भित्र पोषणमैत्री पालिका घोषणा गर्नका लागी "**आमा सुरक्षा कार्यक्रम**" र "**नवजात शिशु पोषण कार्यक्रम**" सञ्चालन गरिनेछ।

**२. आर्थिक विकास तर्फ :-**

२.१ गाउँपालिकाको आर्थिक विकास नीति योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मूल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, सहकारी र समुदायको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२.२ आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यवसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यवसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजि क्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तर्गत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तीकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नवउद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन ।

२.४ गरिब, पिछडिएका समुदाय, एकल महिला, वैदेशिक रोजगारबाट फर्कि आएका युवाहरुलाई स्वरोजगार बनाउन उद्यमशीलता प्रवर्द्धन गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

**क. उद्योग तथा पर्यटन तर्फ :-**

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रक्रियालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

२. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटन विकासको नीति लिईनेछ।

३. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको व्यवसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्न विशेष पहल गरिनेछ।

४. साना तथा मझौला उद्योगहरुले स्वदेशी कच्चा पदार्थको प्रयोग गरी सञ्चालनमा आउने औद्योगिक क्षेत्र सम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुर्याइनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजनाले निर्दिष्ट गरे वमोजिमका पर्यटन पूर्वाधार विस्तार तथा पर्यटन विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय चक्रपथ सडक सञ्जालको सम्भाव्यता अध्ययन गरिने छ।

७. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिटल डिस्प्ले वोर्ड राखिनेछ।

९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र व्रोशरहरुको वितरण गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी तर्फ :-**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गर्दै व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

२. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न आई.पि.एम खेती प्रविधी सञ्चालन गरिनेछ।

३. गाउँपालिका क्षेत्र भित्र रहेका परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण र प्रवर्धनका कार्यहरु सञ्चालन गरिनेछ।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ साथै **"ओमसतिया गाउँपालिका फलफूलको बगैचा"** भन्ने नाराका साथ एक घर एक फलफूल विरुवा रोपण अभियान सञ्चालन गरिनेछ ।

५. कृषक तथा कृषक समूहहरुलाई नेपाल सरकारबाट नयाँ उन्मोचित जातहरुको प्रविधी प्रदर्शनमा सहभागी गराई कृषि वैज्ञानिकसंग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

६. पालिकामा दर्ता भएका कृषक समूहहरुलाई सुदृढीकरण गर्दै समूहगत कृषि प्रणालीलाई प्राथामिकता दिईनेछ ।

७. गाउँपालिकाभित्रका कृषकहरुको खण्डीकृत/वर्गीकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गर्ने नीति लिईनेछ।

८. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेषण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र न्यूनतम समर्थन मुल्य निर्धारण गरिनेछ।

९. व्यवसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतीकरण, कृषि बजार, शीत भण्डार तथा गोदाम घरहरुको आवश्कता अनुसार पूर्वाधार निर्माण गरिनेछ।
१०. मासु पसल तथा वधशालाहरुको स्तरोन्नती गरी स्वास्थ्य मापदण्ड अनुरुप बनाईनेछ।
११. कृषि उत्पादनको मूल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सफ्टवेयर** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
१२. तरकारी उत्पादनको लागि व्यवसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेती तालिममा प्रविधि र लगानीको व्यवस्था सहित नमुना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।
१३. पशुपन्छी तथा चौपायामा लाग्ने माहामारीजन्य रोगको न्यूनीकरण गर्न विशेष खोप कार्यक्रम सञ्चालन गरि पूर्ण पशुपन्छी खोपयुक्त पालिका बनाउने नीति अवलम्बन गरिनेछ ।
१४. गाउँपालिका भित्रका छाडा चौपायहरुलाई उचित व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।
१५. Zero death by rabies 2030 लाई सघाउन पालिका भित्रका सबै घरपालुवा तथा सामुदायिक कुकुरहरुमा रेविज रोग विरुद्धको भ्याक्सिनेशन कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
१६. जुनोटिक रोग तथा रासायनिक विषादीको दिर्घकालीन असर सम्बन्धी सचेतना अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
१७. रासायनिक मलखादको अभावलाई न्यूनीकरण गर्न वैकल्पिक व्यवस्था मिलाईनेछ र हाल प्राप्त मलखादलाई व्यवस्थित र समुचित वितरणको लागि सहकारीहरुलाई निर्दिष्ट गरिनेछ।
१८. सिंचाइ उपलब्ध हुन नसकेको क्षेत्रहरुमा सिंचाइको व्यवस्था मिलाई सम्पूर्ण बालीहरुको उत्पादकत्व वृद्धि गर्नका लागी स्यालो टयुववेल जडान तथा सिंचाइ सामाग्रीमा अनुदानको व्यवस्था मिलाइनेछ ।
१९. कृषकहरुको बाली तथा पशुपन्छीमा हुने आकस्मिक क्षति न्यूनीकरणको लागी कृषि तथा पशुपन्छी बिमालाई निरन्तरता दिईनेछ ।
२०. पशुपन्छी पालक कृषकहरुलाई प्रोत्साहन गर्दै ओमसतिया गाउँपालिकालाई दुध, अण्डा, माछा, मासुमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

**ग. सहकारी तर्फ :-**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह निजी फार्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
३. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पुँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनीकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
४. कृषि लगायत विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ।
५. सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न किसिमका तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**३. सूचना तथा संचार तर्फ :-**

१. संचार संस्थाहरु र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा संचार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रम र गतिविधिहरुलाई त्रैमासिक रुपमा जनतासंग पुर्याउन अनलाइन बुलेटिन प्रकाशन गरिनेछ ।
३. विज्ञापन तथा सूचना सम्प्रेषण गर्न स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
४. सूचनाको हकको सम्मान गर्दै सूचनामैत्री गाउँपालिका बनाइनेछ।
५. गाउँपालिकाको मुख्य बजार क्षेत्र र चोकहरुमा इन्टरनेट हटस्पट र सि.सि टि.भी क्यामेरा जडान गरिनेछ ।
६. गाउँपालिकालाई स्मार्ट पालिका बनाउने नीति सहित यस वर्ष देखि स्मार्ट पालिका मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।
७. पेपरलेस र डिजिटल पालिका बनाउन सूचनामैत्री सेवा प्रवाहलाई निरन्तरता दिइनेछ ।

**४. न्याय, कानून तथा मानव अधिकार तर्फ :-**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।
५. न्याय सम्पादनको कार्यलाइ थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई **डिजिटल जस्टिस सफ्टवेयर** तयार गरी लागु गरिनेछ ।

**५. सुशासन तथा सार्वजनिक सेवा प्रवाह तर्फ :-**

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक, आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।
२. गाउँपालिकाभित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको सम्बोधन अनलाईन प्रणालीको माध्यमबाट गर्न नागरिक गुनासो व्यवस्थापन प्रणाली तयार गरी लागु गरिनेछ।
३. बेरुजु लगत विवरण अद्यावधिक गरी असुल उपर एवम् फछ्र्यौट गर्ने कार्यलाई कडाईका साथ लागु गरिनेछ ।
४. प्रत्येक महिनाको आय, व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
५. जनप्रतिनिधि र कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।कर्मचारी उत्प्रेरणाको प्रवर्द्धनका लागि संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपूरकका रुपमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

६. प्रशासन संयन्त्रको कार्य-सम्पादनमा चुस्तता, काम प्रतिको तत्परता, सेवाभाव, जिम्मेवारी र जवाफदेहिता बहन गर्ने संस्कृतिको विकास गर्नको लागि दण्ड-पुरस्कार र प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

७. कर्मचारीको सशक्तीकरणको लागि रचनात्मक तथा श्रृजनात्मक कार्यक्रम सञ्चालन गर्न कर्मचारी मिलन केन्द्रलाई साधन स्रोतको व्यवस्था गरी थप प्रोत्साहित गरिनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।सो कार्यलाई प्रभावकारी बनाउन पालिका तथा यस मातहतका कार्यालयहरु र सार्वजनिक स्थानमा सुझाव पेटिका राखिनेछ ।

९. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१०. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा मार्फत निजहरुको हित प्रवर्द्धन गरिनेछ। सीप र क्षमताका आधारमा पालिका भित्रका उद्योगहरुमा स्थानीय जनशक्तिलाई प्रथामिकता दिन पहल गरिनेछ।

११. विपन्न तथा न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामूखि तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको नीति अवलम्बन गरिनेछ।

**६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ**

**क. खानेपानी तथा सरसफाई तर्फ :-**

१. खानेपानीको जटिलतम समस्याको तत्कालीन, अल्पकालीन र दिर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती स्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली, सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउने नीति लिइनेछ।

६. घर-घरमा पालिएका कुकुरहरुको दिशा पिसाबजन्य फोहोर सम्बन्धित कुकुर धनीले घर भित्रै व्यवस्थापन गर्नु पर्नेछ।सार्वजनिक स्थलमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कारवाही गर्ने नीति लिइनेछ।

७. प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ।
८. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालन गर्ने कार्यलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

**ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन तर्फ :-**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्ने नीति लिईनेछ साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गरिनेछ ।
२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण गरी जल, जमीन तथा वातावरणको संरक्षण गरिनेछ ।
४. पोखरी संरक्षण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।
५. विपद जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक स्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
७. सार्वजनिक निजी साझेदारीमा पूर्वाधार निर्माण गरी फोहोरमैला प्रशोधन केन्द्रलाई व्यवसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोरमैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।
८. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
९. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी स्रोत परिचालन गरिनेछ।
१०. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
११. सम्वेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

**७. भौतिक पूर्वाधार विकास तर्फ :-**

१. निर्माण कार्यको गुणस्तर नियन्त्रणका लागी गाउँपालिकामा आवश्यक जनशक्ति सहितको प्रयोगशाला निर्माण गरिनेछ ।
२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकास आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
३. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ती विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ती विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. पालिका भित्र सञ्चालन हुने योजनामा आबद्ध संघ, संस्था, समिती र निर्माणकर्मीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

५. समान प्रकृतिका योजनाहरु प्याकेजिङ् गरी विद्युतीय ठेक्का प्रकृयाबाट कार्यान्वयन गरिनेछ र सोको आवश्यक डि.पि.आर तथा सम्झौता प्रथम चौमासिक भित्रै गर्ने व्यवस्था मिलाईनेछ साथै सोझै खरिद(कोटेशन) कार्यलाई निरुत्साहित गरिनेछ ।

६. गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमाल्याइनेछ र पालिका भित्र लुज ग्राभेलीङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ।

७. एकीकृत शहरी तथा बस्ती विकास योजनाद्वारा निर्दिष्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

८. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा स्रोतको अभाव हुन दिइने छैन।

९. विगत देखिका निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१०. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

११. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६, लगायतका राष्ट्रिय प्रादेशिक एंव स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. योजनाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागी सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ।आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१४. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१५. गाउँपालिका भित्रसडककोमापदण्डलाईआवश्यकताकोआधारमाकायमगरी सडक मापदण्डको समस्यालाई समाधान गरिनेछ।

१६. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पुँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१७. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१८. पालिकाका विज्ञहरुबाट प्रमुख प्रशासकीय अधिकृत संयोजक रहने गरी भेरियसन समिती गठन गर्ने र भेरियसन आवश्यक रहने योजनाहरुको भेरियसन अर्डर (vo) स्वीकृत गरी कार्य अगाडी बढाईनेछ ।

१९. योजना कार्यान्वयनका क्रममा आउने कन्टिजेन्सी रकमलाई निश्चित कार्यविधि बनाई खर्च मापदण्ड कायम गरिनेछ ।

२०. गाउँपालिकामा सेवा परामर्श खरिद गर्न ईच्छुक फर्म कम्पनिहरुले कार्यालयले सुचित गरेको समयमा सुचिदर्ता गराउने निति लिईनेछ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन तर्फ :-**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

४. उद्योग व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्न कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

५. यस गाउँपालिका स्थित ठुला उद्योग तथा व्यवसायलाई करको दायरामा ल्याउनको लागी अभियान सञ्चालन गरिनेछ।

६. गाउँपालिका स्थित सम्पुर्ण व्यवसायिहरुको लगत तयार गरी दर्ता, सुचिकृत तथा नविकरणको लागी प्रत्येक वडा कार्यालयमा व्यवसाय दर्ता शिविर सञ्चालन गरिनेछ ।

७. गाउँपालिकाको स्वामित्वमा रहेका हाटबजार, ताल, पोखरी तथा नदिजन्य पदार्थहरुको व्यवस्थित रुपमा ठेक्का लगाई नियमित रुपमा काडाईका साथ राजश्व संकलन गर्ने व्यवस्था मिलाईनेछ।

८. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

९. करदाताहरुलाई तिर्नु पर्ने कर दायित्व र तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

१०. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

११. कर प्रशासनलाई सूचना, प्रविधीमैत्री एवं करदातामैत्री बनाउदै लगिनेछ।

१२. करदाताको कर लगतलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाई कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**अन्त्यमा यस गाउँपालिकाको विकास, समृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष रुपमा योगदान गर्नुहुने गाउँसभा सदस्यहरु, नेपाल सरकार, प्रदेश सरकार, राजनितिक दल, साझेदार संस्था, नागरिक समाज, संचारकर्मी, नीजि तथा गैरसरकारी संघसंस्थाहरु, उद्योगी व्यवसायी, सुरक्षाकर्मी राष्ट्रसेवक कर्मचारी, स्थानीयवासी लगायत सरोकारवाला सम्पूर्ण व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।**

**धन्यवाद ।**

**मन्जित कुमार यादव(सोनु)**
**अध्यक्ष**